अङ्क १, पूर्णाङ्क १, २०८१ पुस, Jan 2025
ISSN : 3059-9636 (Print)
*Nepal Academy of Fine Art's Journal*
**LALITKALA PRAGYA**
**Vol. 01, No. 01, January, 2025, 9-23**

# नेपालका भैरव मूर्तिहरुको ऐतिहासिकता र सांस्कृतिक वैशिष्ट्य

**भीष्म बाँस्कोटा**[१]
*bhishmabanskota@yahoo.com*

लेख प्राप्त मिति : 24 Nov 2023 संरचनागत परीक्षण गर्ने विज्ञ : प्रा.डा. दयाराम श्रेष्ठ संशोधित लेख प्राप्त मिति : 24 Dec 2023
गुणवत्ता परीक्षण गर्ने विज्ञ : प्रा.डा. वीणा पौड्याल संशोधित लेख प्राप्त मिति : 8 Feb 2024 लेख स्वीकृत मिति :28 Nov 2024

## लेखसार

*ललितकलाका विभिन्न भेद वा अङ्गहरूमध्ये मूर्तिकला पनि एक महत्त्वपूर्ण अङ्ग हो। नेपालमा किरातकाल, पूर्वलिच्छविकालदेखि नै विभिन्न माध्यमहरूमा मूर्तिकलाको विकास हुन थालेको प्रमाण पाइन्छ। यस सन्दर्भमा नेपालमा भैरवका प्रतिमाहरू लिच्छविकालदेखि मल्लकाल हुँदै शाहकालसम्म पनि निर्माण हुने गरेको प्रमाण ऐतिहासिक स्रोतहरूको अध्ययनबाट खुलस्त हुन्छ। शिवको डरलाग्दो स्वरूप भैरव हो। यसका विभिन्न स्वरूप र आयामहरू छन्। विगतमा भैरवका प्रतिमाहरूको संस्कृतिविद्, इतिहासविद्, कलाविद्, अनुसन्धाताहरूबाट ऐतिहासिक एवं सांस्कृतिक दृष्टिकोणले अध्ययन तथा अनुसन्धानको कार्य भएको भए तापनि तिनको ऐतिहासिकता, एवं सांस्कृतिक पक्षका बारेमा केन्द्रित रहेर पर्याप्त अध्ययन-अनुसन्धान भएको छैन। यस शोधलेखमा स्थलगत निरीक्षण, विज्ञसँगको अन्तर्वार्ता तथा विधागत एवं विषयगत क्षेत्रमा भएका पूर्वकार्यहरूको विस्तृत खोज तथा अध्ययनका आधारमा तथ्यहरूलाई अन्वेषणात्मक ढाँचाबाट शृङ्खलाबद्ध ढङ्गले प्रस्तुत गर्दै नेपालका भैरव मूर्तिहरूमा रहेको सांस्कृतिक वैशिष्ट्यको विश्लेषण गरिएको छ। त्यसैले नेपालमा भैरव मूर्तिको उत्पत्ति र ऐतिहासिकता, प्रतिमालक्षण, धार्मिक एवं सांस्कृतिक पक्षहरूका बारेमा उजागर गर्नु यस अध्ययनको मुख्य उद्देश्य हो। प्रस्तुत शोधलेखबाट विद्यार्थी, कला-पारखी कलाविद्, संस्कृतिविद्, इतिहासकार एवम् अनुसन्धातालगायत सबैलाई प्रत्यक्ष-परोक्ष रूपमा लाभ पुग्ने अपेक्षा गरिएको छ।*

**शब्दकुञ्जी** : मूर्तिकला, भैरवका मूर्ति, प्रतिमालक्षण, भैरव मूर्तिको ऐतिहासिकता, धार्मिक एवं सांस्कृतिक पक्ष।

## परिचय

मानिसको श्रमसँग जोडिएर सौन्दर्यलाई अभिव्यञ्जित गर्ने कला नै ललितकला हो। वास्तुकला, चित्रकला, सङ्गीतकला, साहित्यकलालगायतका ललितकलाका विभिन्न भेदहरूमध्ये मूर्तिकला पनि एक हो। नेपालमा लिच्छविकालभन्दा अगाडिदेखि नै विभिन्न माध्यमहरूबाट मूर्तिकलाको विकास हुन थालेको प्रमाण भेटिन्छ। इसापूर्व तेस्रो शताब्दीको पश्चिम नेपालको बञ्जरही भन्ने स्थानबाट फेला परेको मृण्मय नारी मूर्तिको मुखौटो; लुम्बिनी, कपिलवस्तुमा प्राप्त इसापूर्व दोस्रो/प्रथम शताब्दीका श्रीदेवी, भूदेवीका मृण्मय मूर्ति नेपालमा प्राप्त प्राचीन मूर्तिहरू हुन्

१ पुरातत्त्व अधिकृत, संस्कृति महाशाखा; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय।

(पराजुली, २०७५, पृ. १३) । त्यस्तै पशुपति आर्यघाटको विरूपाक्षको मूर्ति, पाटन सिकुवहीको उमामहेश्वरको मूर्ति र पाटनकै च्यासलहिटीको गजलक्ष्मीको मूर्ति नेपालमा प्राप्त पुराना र उत्कृष्ट मूर्तिकलाका नमुनाहरू हुन् । नेपालको मूर्तिकलालाई किरातकाल, लिच्छविकाल, मल्लकाल र शाहकाल गरी तीन भागमा बाँडेर अध्ययन गर्न सकिन्छ। विभिन्न कालखण्डमा नेपालमा विभिन्न कलाशैलीअनुरूप हिन्दु र बौद्ध धर्मसम्बन्धी अत्यधिक मूर्तिहरूको निर्माण हुन पुग्यो । यस सन्दर्भमा नेपालमा विभिन्न कालखण्डमा निर्मित भैरवका मूर्तिहरूले पनि आफ्नै ऐतिहासिक पृष्ठभूमि, सांस्कृतिक महत्त्व र दर्शनलाई उजागर गरेका छन् ।

भैरवको शाब्दिक अर्थ भयानक, डरलाग्दो, भयङ्कर वा शिवको प्रथमादि गणमध्ये एक भन्ने हुन्छ। भैरवका विभिन्न स्वरूपहरू छन् । शिवको डरलाग्दो स्वरूप वा अवतार भैरव हो । शिवको सबैभन्दा विशिष्ट तान्त्रिक स्वरूप पनि भैरव नै हो। शिवको दक्षिण मुखलाई भैरव भनिन्छ। विद्वान्हरूले भैरवको ग्रामीण रूपलाई भैरो भनेका छन् भने कुमाउँ गढवालमा भैर वा भैरो भनिने यी देवता मूलतः कृषकका देवता हुन् । स्थानीय नेवार समुदायमा भैल द्यो भनिने भैरवलाई नेपालमा विभिन्न नाम र रूपले पूजा गर्ने चलन छ। नेपालमा आठ र चौसट्ठी भैरवका स्वरूप पाइन्छन् । जीतेन्द्रनाथ वनर्जीले शिवको भैरव रूपको वर्णन गर्दै ६४ भैरवको शक्तिका रूपमा ६४ योगिनीहरूलाई दर्साएका छन् (पौड्याल, २०५७, पृ.२७३) जसको नेपाली समाजमा ठुलो भूमिका छ। तन्त्रचूडामणिमा पनि सतीदेवीको कथासहित पीठहरूको नाम परेको छ। तन्त्रचूडामणिमा स्थान, अङ्ग, शक्तिपीठसहित ५३ भैरव (पौड्याल, २०६० (क), पृ. ६१-६३) को उल्लेख पाइन्छ। महाविद्याका साथमा पनि भैरवको उल्लेख पाइन्छ। राजवली पाण्डेका अनुसार भैरवको ग्रामीण रूप नै भैरो हो (पौड्याल, २०६० (क), पृ.६०) । काशीबाहेक काठमाडौँ उपत्यकामा भैरवको विशेष पूजा उपासना र जात्रा हुने गर्दछ। भैरवको विशेष स्थानका रूपमा लिइने भक्तपुरलाई जीतबहादुर मानन्धरले भैरवप्रधान नगरको संज्ञा दिएका छन् (पौड्याल, २०६०(क), पृ.६४) ।

## समस्या कथन

नेपालमा शिवका संहारक रूपमध्ये भैरवका मूर्तिहरू सबैभन्दा धेरै प्राप्त छन् । भैरव मूर्तिहरूका सम्बन्धमा विगतमा विभिन्न स्वदेशी तथा विदेशी विद्वान्हरूबाट आंशिक रूपमा खोज र अनुसन्धानका कार्यहरू भएको पाइन्छ। यस सन्दर्भमा अध्ययन गर्ने विद्वान्हरूमा धनवज्र वज्राचार्य, सत्यमोहन जोशी, हरिराम जोशी, मनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, गोविन्दप्रसाद भट्टराई, साफल्य अमात्य, वीणा पौड्याल, मिलनरत्न शाक्य, डिल्लीराज शर्मालगायत प्रमुख छन् । यी विद्वान्हरूले भैरव मूर्तिहरूका सम्बन्धमा अध्ययन गरे तापनि तिनको ऐतिहासिक एवं सांस्कृतिक पक्षको पर्याप्त र पूर्ण खोज गरेको पाइँदैन। त्यसैले नेपालका भैरवमूर्तिहरूको निर्माण कहिलेदेखि हुन थालेको हो, त्यस्ता मूर्तिहरूको प्रतिमालक्षण तथा ऐतिहासिक एवं सांस्कृतिक विशेषताहरू के-कस्ता छन् भन्ने समस्या नै यस शोधलेखको मुख्य समाधेय समस्या हो ।

## अध्ययन विधि

नेपालमा रहेका भैरव मूर्तिहरूको ऐतिहासिक एवं सांस्कृतिक विशेषताहरूको अध्ययनका लागि प्राथमिक र द्वितीयक दुवै खालका स्रोतहरूको उपयोग गरिएको छ। यो लेख तयार गर्दा काठमाडौँ उपत्यकाका विभिन्न स्थानहरूमा छरिएर रहेका भैरव मूर्तिहरूको स्थलगत अध्ययन र निरीक्षण एवम् केही विशेषज्ञहरूसँगको अन्तर्वार्ताका माध्यमबाट प्राथमिक

स्रोतका सामग्रीहरू सङ्कलन गरिएको छ भने द्वितीयक स्रोतका सामग्रीहरूका लागि सम्बद्ध विषयमा विगतमा विभिन्न विद्वान्‌हरूबाट भैरवसम्बन्धी भए गरेका पूर्वप्रकाशित पुस्तक, लेख तथा अनुसन्धानहरूलाई आधार बनाइएको छ। लेखमा प्राप्त तथ्यहरूलाई विवरणात्मक एवं विश्लेषणात्मक ढाँचाको अवलम्बन गरी निष्कर्षमा पुग्ने प्रयत्न गरिएको छ। यसक्रममा स्थलगत निरीक्षणका क्रममा सङ्कलन गरिएका भैरवका केही महत्त्वपूर्ण तस्बिरहरू पनि समावेश गरिएको छ।

## भैरवको उत्पत्ति र ऐतिहासिकता

हिन्दुहरू भैरवलाई शिवको उग्र तथा रौद्र रूप मान्छन्। शिवका उग्र र सौम्य दुई रूपहरूमध्ये भैरव चाहिँ शिवको क्रूर र घोर रूप मानिन्छ। उग्र रूपमा भैरवलाई अघोर, वीरभद्र, चण्ड, भैरव, महाकाल जस्ता उपाधिहरू दिइएको छ। शिवको घोर रूपको दर्शन महाभैरवका रूपमा अहिच्छत्राको मृत्फलकमा फेला परेको छ (जोशी, २०७०, पृ. ६७५)। महाभारतमा पनि महादेवको घोर रूपको वर्णन पाइन्छ। अग्निपुराणमा चण्ड नामक शिवको उग्र रूपको वर्णन पाइन्छ। हर्षचरित्रमा विष्णुले नरसिंह र शिवले भैरवको रूप धारण गरेको उल्लेख पाइन्छ (जोशी, २०७०, पृ. ६७५)। शिवपुराण, लिङ्गपुराण, अग्निपुराण, पद्मपुराण, श्रीमद्‌भागवतपुराण, कृत्यकल्पतरु नामक ग्रन्थमा भैरवका विभिन्न प्रसङ्गहरू पाइन्छन् (जोशी, २०७०, पृ. ६७५ र ६७६)। कालिका पुराणमा भैरव परिवारको विस्तृत वर्णन पाइन्छ (जोशी, २०७०, पृ. ६७६)।

किंवदन्तीअनुसार भैरवको उत्पत्ति शिवको आज्ञाले ब्रह्मालाई झुटो बोलेकोमा दण्ड दिने हेतुले भएको थियो (अमात्य, २०५८, पृ. ४)। भैरवको जन्म मार्गशीर्ष कृष्णाष्टमीका दिन मध्याह्नमा भएको कुरा शिवरहस्य नामक ग्रन्थमा वर्णित छ। वामन पुराणमा भैरवको उत्पत्तिका बारेमा भिन्न वर्णन पाइन्छ (जोशी, २०७०, पृ. ६७७)। अन्धकारसँगको युद्धका समयमा असुरराज अन्धकले महादेवको शिरमा जबरजस्त गदा प्रहार गर्दा महादेवको शिरबाट बगेका रगतका पाँच धाराबाट पञ्चभैरवको उत्पत्ति भयो; जसमा पूर्व, पश्चिम, उत्तर र दक्षिणतिरबाट बगेको रगतको धाराबाट क्रमशः विदुराज, नागराज, स्वच्छन्दराज र रामराज भैरवको उत्पत्ति भयो। भैरवको उत्पत्ति शक्तिपीठहरूको उत्पत्तिसँगसँगै भएको मानिन्छ। भैरवको पञ्चमुख हुने यथार्थलाई अग्निपुराणले समेत सङ्केत गरेको छ। पाटनको मत्स्येन्द्रनाथको जात्राका क्रममा रथयात्रा गर्दा रथका ठुल्ठुला चार पाङ्ग्राहरूलाई चार भैरव र पाँचौ भैरवको रूपमा रथको बत्तिस हाते लामो धःमाको मुखमा रहेको भैरवको आकृतिलाई लिने गरिन्छ (जोशी, २०७०, पृ. ६७७)।

श्रीस्वस्थानी व्रतकथाअनुसार सतीदेवीको शरीरका अंशहरू जुन जुन स्थानमा खसे, तत्‌तत् स्थानहरूमा पीठ उत्पत्ति भई प्रत्येक पीठको सुरक्षाका लागि भैरव चाहिँ शक्तिस्वरूपले रहेको प्रसङ्ग पाइन्छ। भैरव उत्पत्तिको अर्को रोचक कथा छ, जसअनुसार परापूर्व कालमा भद्रकालीको जात्रा हेर्न काशी विश्वनाथ भैरव मानव रूप धारण गरी नेपाल आएको बेला तान्त्रिक श्रीमुनि आचाजुले भद्रकाली देवीको आज्ञाअनुसार आफ्नो तान्त्रिक बलले रोक्न सम्भव नहुने देखी देवीको आज्ञाअनुसार ती भैरवको टाउको काट्दा आकाश मार्ग भएर भक्तपुर आएको हुनाले उक्त भैरवलाई काशी विश्वनाथ आकाश भैरवको संज्ञा दिइएको छ (अमात्य, २०५८, पृ. ७)। त्यस्तै कीर्तिपुरको बाघभैरव, टुँडिखेलको महाकाल भैरव, पाटनको वटुकभैरव, पशुपतिको कीर्तिमुख भैरव, लेलेको टीकाभैरवजस्ता भैरवहरूको उत्पत्ति सम्बन्धमा आआफ्नै दन्त्यकथाहरू पाइन्छन्।

वैदिक कालमा क्रूर एवं भयावह रूपमा चिनिने रुद्र देवताको विस्तारै स्वभाव परिवर्तन हुँदै गयो र त्यही रुद्रको परिवर्तित रूप भैरव हुन गयो (पौड्याल, २०६० (क), पृ. ६०)। वैदिक कालमा भैरव देवताको प्रादुर्भाव नभए तापनि पौराणिक कालमा यी देवतालाई शिवका पार्षद् देवता एवं शिवकै रूपमा लिइएको हुँदा भैरवको महत्त्व बढेर गयो। नेपालमा भैरव मूर्तिहरूको विकासक्रमलाई विभिन्न कालखण्डमा बाँडेर अध्ययन गर्न सकिन्छ :

## लिच्छविकाल

नेपालमा भैरवलाई शिलाका रूपमा पुज्ने चलन इसापूर्वका शताब्दीदेखि नै चलिआएको हुनाले भैरव पूजाको परम्परा प्राचीनकालदेखि नै हुँदै आएको मान्न सकिन्छ। सम्भवतः नेपालमा किरातकालदेखि नै भैरव पूजाको परम्परा चल्दै आएको पाइन्छ (अमात्य, २०५८, पृ. ८ र १३)। प्रामाणिक स्रोतहरूका आधारमा भैरव मूर्तिको निर्माण कहिले भयो भन्ने सम्बन्धमा खोजी गर्दै जाँदा लिच्छविकालसम्म पुग्नुपर्ने हुन्छ। लिच्छविकालमा भैरवलाई दिक्पाल वा दिशाको रक्षकका रूपमा मानिन्थ्यो (अमात्य, २०६८, पृ. २०९)। अभिलेखीय प्रमाणका आधारमा भैरवको सर्वप्रथम उल्लेख गोरखा गोरखनाथ गुफाको राजा शिवदेव द्वितीयको संवत् १२२ (वि.सं. ७५५) को अभिलेखमा पाइन्छ, जसमा वज्रभैरवको वर्णन पाइन्छ (वज्राचार्य, २०५३, पृ. ५२३-५२६)। यस अभिलेखबाट नेपालको पहाडी भेगमा समेत वज्रयान लोकप्रिय बनेको सङ्केत मिल्छ। वज्रयानीहरूले महाकाललाई वज्रभैरवको संज्ञा दिएका छन्। काठमाडौँ उपत्यकाभित्रको हाँडीगाउँ सत्यनारायण मन्दिर वरपर गरिएको पुरातात्त्विक उत्खननबाट भैरवको नवौँ/दसौँ शताब्दीतिरको सानो शिर फेला परेको छ (अमात्य, २०५८, पृ. ८)। वंशावलीअनुसार भ्रमरका रूपमा रहेको मत्स्येन्द्रनाथलाई राखेको कलश कामरूपबाट नेपाल ल्याउँदा चारओटा भैरवहरू (यथाह्यग्रीव, हरिसिद्धि, लुतावाहा र त्याङ्गा भैरव) ले बोकेर ल्याएको विवरण पाइन्छ (जोशी, २०७०, पृ. ६७७)। मेरी स्लसरले नेपालमण्डलमा पशुपतिभित्र नवदुर्गा र अष्टमातृकाको मन्दिरमा लिच्छविकालीन पाषाण भैरव राखिएको चर्चा गरेकी छन्। त्यस्तै वंशावलीअनुसार लिच्छवि राजा शिवदेव प्रथमले शिवपुरीदेखि भैरवको प्रस्तर मूर्ति ल्याई आफ्नो दरबारसँगै स्थापना गरेका थिए (अमात्य, २०५८, पृ. ९)। यसबाट नेपालमा लिच्छविकालदेखि नै भैरवको पूजापरम्परा चलिआएको स्पष्ट हुन्छ।

## मल्लकाल

मल्लकालमा आएर काठमाडौँ उपत्यकामा भैरवका अत्यन्त धेरै मूर्तिहरू स्थापना हुन पुगे। इस्वीको नवौँ शताब्दीको मत्स्येन्द्र कौलज्ञान विनिर्णयः नामक ग्रन्थमा मत्स्येन्द्रनाथलाई नाथ कौलमार्गी भनिएको छ (जोशी, २०७०, पृ. ६७८)। काठमाडौँ उपत्यकामा प्राप्त भैरवको सबैभन्दा पुरानो मूर्ति हाल राष्ट्रिय सङ्ग्रहालयमा सङ्गृहीत दसौँ शताब्दीको नृत्यभैरवको मूर्ति हो (अमात्य, २०५८, पृ.८-९)। अमेरिकाको न्युयोर्कस्थित डोरिस वेनर ग्यालरीमा पनि दसौँ शताब्दीको अर्को एउटा प्राचीन र ढलौटको अनौठो भैरव मूर्ति सङ्गृहीत छ (अमात्य, २०५८, पृ. ९)। यसबाट नेपालमण्डलभित्र भैरवको मूर्ति पूजा गर्ने चलन इसाको नवौँ/दसौँ शताब्दी अगाडिदेखि नै रहेको स्पष्ट हुन्छ। राजभोगमाला वंशावलीअनुसार इसाको दसौँ शताब्दीका राजा भास्कर वर्माले गोकर्ण स्थानमा स्थूलकाय भैरव स्थापना गरे भने राजा स्थिति मल्लले वि.सं. १४५२ मा पाटनको कुम्भेश्वरमा कीर्तिमुख भैरवको स्थापना गरे (अमात्य, २०५८, पृ. १०)। यक्ष मल्लको पाला (वि.सं. १५२७) मा विद्वान् नारायण भट्टले पशुपतिनाथको दक्षिणतर्फ भैरवको स्थापना गराए (अमात्य, २०५८, पृ. ११)। पाटन गुइतटोलको विहारमा वि.सं. १५७२ मा राजा रत्नमल्लले स्थापना गराएको महाकाल भैरवको मूर्ति अत्यन्त सुन्दर मानिन्छ। वि.सं. १६८३ मा राजा त्रैलोक्य मल्लले महाकाल भैरवको भव्य मूर्ति स्थापना गराए (अमात्य, २०५८, पृ. १२)। ललितपुरका राजा श्रीनिवास मल्लको एउटा सुवर्णपत्रमा

यी देवतालाई योगीहरूमध्येका मुख्य भनिएको छ (जोशी, २०७०, पृ. ६७८)। मत्स्येन्द्रनाथ, गोरखनाथसहित नाथ कौलसम्प्रदायका देवताहरूलाई भैरवका रूपमा लिइने कुरा तान्त्रिक मतको अनुशीलन तथा गढवाली लोकसाहित्यको अध्ययनबाट पनि थाहा हुन्छ।

मल्लकालमा काठमाडौँ उपत्यकाबाहिर पनि भैरवका मूर्तिहरू स्थापना भएको पाइन्छ। नुवाकोटको साततले दरबार नजिकैको प्रसिद्ध नुवाकोट भैरव गण्डकी भैरव र भैरवेश्वर महादेवका रूपमा चिनिन्छ (अमात्य, २०५८, पृ. १२)। यो मन्दिर राजा जगज्जय मल्लका समयमा बनेको हो। यिनै भैरवभैरवीको पूजा गरी राजा पृथ्वीनारायण शाहले नुवाकोटको शासन समालेका थिए (वज्राचार्य र श्रेष्ठ, २०३२, पृ. ५३ र ६६)। वंशावलीअनुसार पाल्पाका सोह्रौँ शताब्दीका राजा मणिमुकुन्द सेनले काठमाडौँ उपत्यकामा आक्रमण गरी रातो मत्स्येन्द्रनाथको मन्दिरको सामुन्नेको कालभैरवको मूर्ति लुटेर पाल्पा लगी स्थापना गराए (घिमिरे, २०४५, पृ. १६१/खनाल, २०५५, पृ. ९२)। सेनकालमा पाल्पा, नुवाकोट, प्रभाव र अमरगञ्जमा गरी चार भैरवको स्थापना गरिएकोमा पाल्पाको भैरव प्राचीन मानिन्छ (घिमिरे, २०४५, पृ. १६१)। बझाङको थलरामा बझाडी राजा शक्तिसिंहका भाइ जक्तिसिंहले भैरवनाथको स्थापना गराएका थिए (सेती अञ्चलका वर्गीकृत सांस्कृतिक सम्पदाहरूको विवरण, २०६६, पृ.१९)। डोटीको सिलगढीस्थित प्रसिद्ध शैलेश्वरी मन्दिरसँगै चण्डेश्वर भैरवको मन्दिर छ, जसलाई शैलेश्वरीको अङ्गरक्षक मानिन्छ। बाइसे चौबिसे राजाहरूले पनि शत्रुको आक्रमणको भयले शत्रुमाथि विजय हासिल गर्न आआफ्ना कोट तथा दरबारहरूमा भैरवको स्थापना गरेको देखिन्छ (अमात्य, २०६८, पृ. २११)। डोटीको दिपायलकोटमा स्थापित सोह्रौँ शताब्दीको भैरवको मूर्ति यसैको ज्वलन्त नमुना मानिन्छ।

## शाहकाल

भैरव मूर्तिको पूजा गर्ने मल्लकालीन परम्पराले शाहकालमा पनि निरन्तरता पायो। राष्ट्रिय सङ्ग्रहालयको जुद्धजातीय कलाशालामा हाथु द्य (वमन भैरव) को उन्नाइसौँ शताब्दीको सुन्दर मूर्ति सङ्गृहीत एवं प्रदर्शित छ (श्रेष्ठ र महर्जन, २०७४, पृ. ५३)। राजा रणबहादुर शाहले वि.सं. १८५२ मा हनुमान्ढोका परिसरमा भैरवको मुखौटो स्वरूपको धातुको एउटा भव्य श्वेतभैरव मूर्ति स्थापना गराएका थिए।

## भैरवको प्रतिमालक्षण

भैरव मूर्तिको प्रतिमालक्षणका बारेमा शिवपुराण, विष्णुधर्मोत्तर एवं अग्निपुराणमा वर्णन पाइन्छ। शिवपुराणमा शिवको पूर्णरूपको झलकलाई भैरव भनिएको छ। शास्त्रीय विधानअनुसार शिवको अघोर रूप भैरव भएकाले अनुहार भयङ्कर बनाउनुपर्ने मान्यता छ। ठुल्ठुला भयानक आँखा, लट्टा परेका ठाडा केश, दाह्रायुक्त तीखा आँखा, भयपूर्ण जुँघा र आँखीभौँ भैरव मूर्तिका विशेषताहरू हुन् (खनाल, २०५५, पृ.९३)। विष्णुधर्मोत्तर पुराणमा भैरवको प्रतिमालक्षणका रूपमा लामो पेट, गोलाकार र पिङ्गल नेत्र, दाह्रा निस्केको, कराल मुख, फुलेको ठुलो नाक, मुण्डमाला लगाएको, भीषण, सर्पको माला लाएको, सर्प देखाई पार्वतीलाई तर्साउने, कालो वर्णको, हात्तीको छाला ओढेको, धेरै बाहुयुक्त, नाना शस्त्रास्त्र धारण गरेको, अग्लो, सालवृक्षझैँ लामा र तिखा नङ भएको, छड्के हेराइको उल्लेख पाइन्छ (भट्टराई, २०४१, पृ. ८७)। त्यस्तै अग्निपुराणमा अर्कहस्त, कूर्परास्य, जटामा चन्द्रमा धारण गर्ने; एकातर्फको बाहुमा खड्ग, अङ्कुश, कुठार, वाण र अभय अनि चाप, त्रिशूल, खट्वाङ्ग, पाश र वरदमुद्रा अर्कातर्फ बाहुमा धारण गर्ने पाँच वा दशमुखी स्वरूपलाई भैरवको प्रतिमालक्षण मानिएको छ। महाकाल र भैरवका मूर्तिहरू भने महादेवकै प्रतिमालक्षणका विशेषताले युक्त छन्। विष्णुधर्मोत्तरअनुसार महाकालको मूर्ति पनि भैरवको जस्तो गराउनु, भैरव मूर्तिको बायाँतर्फ

पार्वती राख्नु, पार्वतीको रूप शुक्ल एवं रक्त नगराउनु, समीपमा मातृगण गराउनु, नाना रूपका गणसमेत गराउनुपर्ने विधानमा उल्लेख छ (भट्टराई, २०४१, पृ.८८) । रूपमण्डनमा वटुक भैरवको मूर्ति निर्माण गर्ने विधान तोकिएको छ, जसअनुसार वटुकभैरवले हातमा खट्वाङ्ग, असि, पाश, बूल, डमरु, कपाल लिएको, एउटा हात वरद मुद्रा एवं बाँकी हातमा सर्प धारण गरी नजिकै कुकुर बनाइएको हुन्छ (पौड्याल, २०५७, पृ. १७२) ।

## भैरवका मूर्ति र स्वरूप

नेपालमा भैरवका प्रतिमाहरू पुराण र तन्त्रका आधारमा निर्माण भएको पाइन्छ यद्यपि तन्त्रअनुरूपका मूर्तिहरूको बाहुल्य देखिन्छ। नेपालमा नेपालमण्डलभित्र र मोफसलमा प्राप्त महत्त्वपूर्ण भैरवका मूर्तिहरू यस प्रकार छन्ः

### काठमाडौँ उपत्यकाका भैरव मूर्तिहरू

**इन्द्रचोकको आकाशभैरव :** काठमाडौँको इन्द्रचोकमा अवस्थित तीनतले भव्य हाथुद्य (आकाश भैरव) को मन्दिरको पहिलो तलामा आकाश भैरवको मूर्ति देखिन्छ। जात्रा हेर्न हुरुक्क हुने यी देवता किरातकालीन देवता हुन् । आकाश भैरवको शिरलाई किराती राजा यलम्बरको टाउको भनी मान्ने गरिएको छ (दीप, २०५२, पृ.२६) भने पचली भैरवलाई राजा पचलीसिंह ठाकुराको भैरव रूप मानी पुज्ने चलन छ (अमात्य, २०५८, पृ. ५)। तान्त्रिक विधिबाट पुजिने यी भैरवलाई काठमाडौँवासीहरू आजुद्यो, अजाभेलु र हाथुद्यो आदि नामले सम्बोधन गर्दछन् (अमात्य, २०५८,पृ. २६-२७) । वज्राचार्य गुभाजु पुजारीबाट नित्य पूजा गरिने उक्त भैरवलाई न्याय र व्यापार व्यवसायका देवता मानिन्छ।

**हनुमान्ढोकाको कालभैरव :** हनुमान्ढोका राजदरबारमा प्रस्तर निर्मित भैरवको विशाल मूर्ति देखिन्छ। भाषावंशावलीअनुसार राजा प्रताप मल्लले भण्डारखाल पोखरीमा पानी राख्न ढल बनाई ल्याउने क्रममा रानीवन भन्ने डाडाँमा उक्त मूर्ति भेटाई उठाएर ल्याई दरबारअगाडि राख्न लगाएका थिए (वज्राचार्य, २०३३, पृ.७५)। किंवदन्तीअनुसार मल्लकालमा कुनै व्यक्तिले सो मूर्तिका सामुन्ने झुटो बोलेमा तत्कालै रगत छादेर मर्ने विश्वास रहेकाले सत्य बकाउने प्रक्रियामा एकले अर्को व्यक्तिलाई कालभैरव भएको स्थानमा लग्ने गरिन्थ्यो। केही विद्वान्हरूले सो मूर्तिमा नरबलिसमेत चढाउने प्रथा रहेको उल्लेख गरेका छन् (पौड्याल, २०६० (क), पृ.७७)। तेह्र फिट उचाइयुक्त एउटै शिलाबाट निर्मित उक्त मूर्ति छ बाहु र एउटा शिरयुक्त छ। कालभैरवलाई न्याय निसाफको प्रतीक मानिन्छ भने पशुपतिको उन्मत्त भैरवलाई सन्तान वृद्धि वा प्रजननका देवताको रूपमा पुजिन्छ (अमात्य, २०६८, पृ. २०९)। उक्त दरबारको बाहिरी प्राङ्गणमा अवस्थित कालभैरवसँग हुबहु मिल्दोजुल्दो अर्को काठको कालभैरवको आकर्षक मूर्ति सुन्दरी चोकको एक छिँडीमा सुरक्षित देखिन्छ, जुन काष्ठकलाको एक उत्कृष्ट नमुना मानिन्छ।



*तस्बिर १ कालभैरव मूर्ति, हनुमान्ढोका*



*तस्बिर २ श्वेतभैरव मूर्ति, हनुमानढोका*

**हनुमान्ढोकाको श्वेतभैरव** : हनुमान्ढोका परिसरमा रहेको धातुनिर्मित श्वेतभैरवको विशाल मूर्ति तत्कालीन राजा रणबहादुर शाहको समयमा बनेको हो (वज्राचार्य, २०२७, पृ. २१९)। वि.सं. १८५२ मा इन्द्रजात्रालाई बढी भ्किभ्काउ गर्न एवं भूतप्रेत, पिशाच भगाउन (अमात्य, २०३६, पृ. १५१) भैरवको मुखौटो स्वरूपको उक्त मूर्ति स्थापना गरिएको हो। त्रिनेत्रधारी दशओटा बाहु र चारओटा सुन्दर बङ्गारा रहेको उक्त धातुको मूर्ति भूतप्रेत हटाउन हनुमान् स्थापना गरिएझैँ सोही उद्देश्यअनुरूप स्थापना गरिएको प्रसङ्ग त्रिरत्न सौन्दर्यगाथामा पाइन्छ (वज्राचार्य, २०३३, पृ.६१)। सरभमुखी भैरवका रूपमा समेत चिनिने सो भैरवका सन्दर्भमा एउटा किंवदन्ती छ, जसअनुसार सरभ कुनै दन्त्यकथाको जनावर हो, जुन सिंहभन्दा बलवान् हुन्छ (अमात्य, २०३६, पृ. १५१)। तान्त्रिक विधिबाट पुजिने भैरवका पुजारी वज्राचार्य हुन्। इन्द्रजात्राको सप्ताहव्यापी कार्यक्रममा उक्त मूर्तिको पृष्ठभागमा जाँड भरेर राखिने र त्यसमा भरेर राखिएको जाँड भक्तजनहरूले रोगव्याधि भगाउन हत्ते गरी पिउने चलन छ। त्यस्तै काठमाडौँको मुटु रानीपोखरीमा सातओटा नागका बटारिएका शरीरलाई आसन बनाएको शक्तिसहितको भैरव मूर्ति प्राप्त छ।


**पशुपतिका पाँचमुख लिङ्ग र उन्मत्त भैरव**: पञ्चमुखी महादेवको दक्षिण मुख नै भैरव हो (भट्टराई, २०४१, पृ.८७)। नेपालका प्रायः सबै शिवमन्दिरमा दक्षिणतर्फ भैरवको कीर्तिमुख/उन्मत्त भैरवको मूर्ति स्थापित छन्। पशुपतिनाथ प्राङ्गणस्थित कीर्तिमुख भैरवसमक्ष प्रत्येक महिनाको पूर्णिमाका दिन बलि दिँदा त्यहाँदेखि पञ्चसूत्र बाँधी पशुपतिनाथको दक्षिणतर्फको अघोर मूर्तिसम्म पुऱ्याउने र त्यसको सम्मुख पशुबलि दिने परम्परा छ। पशुपतिनाथ मन्दिरको दक्षिणतर्फ एउटा नयाँ भव्य मन्दिरभित्र उन्मत्त भैरवको मूर्ति छ। नारायण भट्टद्वारा ने.सं. ५८८ (वि.सं. १५२४) मा स्थापित उक्त भैरवको मूर्ति धातुबाट बनेको छ। भट्टले उन्मत्त भैरवको मूर्ति स्थापना गरेपश्चात् ने.सं. ५९१ (वि.सं.१५३४) मा मन्दिरलाई तीनओटा गजुरसमेत अर्पेका थिए (पौड्याल, २०६० (क), पृ. ६४)। सन्तानको कामना गरी नित्य पूजा र आरती गर्न भक्तजनहरूको उन्मत्तभैरवमा घुइँचो लाग्दछ।

**उन्मत्त र आनन्द भैरव** : पाटन सर्वेश्वर महादेवको दक्षिण र बगलामुखीको पूर्वतर्फका कोठामा काठको छ फिट अग्लो उन्मत्त भैरवको मूर्ति छ। पशुपति र कुम्भेश्वर दुवै ठाउँमा सन्तानको कामनाले उन्मत्त भैरवको पूजा गर्ने चलन छ। नवरात्रिमा यहाँ हाँसको बलि चढाई विशेष पूजा गरिन्छ। भैरव भएको कोठामा नौरथामा जमरासमेत राख्ने चलन छ। मल्लकालमा निर्मित अधिकांश काष्ठमूर्ति काठका टुक्राहरू जोडेर बनाइएको भए तापनि उन्मत्त भैरवको उक्त मूर्ति एउटै काठबाट बनेको छ (पौड्याल, २०६०(ख), पृ. १३०)। त्यस्तै काठमाडौँ ज्ञानेश्वरस्थित आनन्दभैरव एउटै सिङ्गो प्रस्तरबाट मल्लकालको आरम्भतिर बनेको अर्को महत्त्वपूर्ण मूर्ति हो। तान्त्रिक विधिबाट फूल र बलिसहित पूजा गरिने यी भैरवलाई विशेषतः बच्चाको स्वास्थ्यका लागि पुज्ने प्रचलन छ।

**पचली भैरव** : काठमाडौँको टेकु दोभानमा अवस्थित पचली (स्वच्छन्द) भैरव नेपालको एउटा महत्त्वपूर्ण भैरव पीठ मानिन्छ। यो भैरवको स्थापना वि.सं. १२५२ मा राजा गुणकामदेवले गरेका थिए (अमात्य, २०६८,पृ. २१०)। पाँच लिङ्गहरूको बोधक पचली शब्दले भैरवको महादेव र लिङ्गसँगको सम्बन्धलाई प्रस्ट्याएको छ (जोशी, २०७०, पृ. ६७७)। काठमाडौँको दक्षिणमा नेपालका राजालाई खड्गसिद्धि प्रदान गर्ने पचली भैरव चाहिँ नगरको दक्षिणभेगकै

क्षेत्रपाल एवम् अधिपति मानिन्छन् (पौड्याल, २०६० (क), पृ. ६४) । पचली भैरव र भद्रकाली भैरवलाई राज्यशक्तिको स्रोत मानिन्छ (अमात्य, २०६८, पृ. २०९) । दक्षिण भैरवका रूपमा प्रसिद्धि कमाएका यी भैरव सम्बद्ध जात्राको विशेष महत्त्व छ। राजासँग खड्ग साट्ने प्रचलन भएकाले यसको विशेष महत्त्व देखिन्छ।

**सदाशिवचोकका भैरवः** भक्तपुर दरबारको सदाशिव चोकमा वाहनसहित अठार भैरवका मूर्तिहरू देखिन्छन्। सदाशिव मल्ल भैरवका भक्त भएकाले तिनकै आग्रहमा भैरवका ती मूर्तिहरू बनेका थिए (पौड्याल, २०६० (क), पृ.६७)। त्यहाँ कुमार र गणेशसहित अठारओटा भैरवका मूर्तिहरू मिलाएर राखिएको देखिन्छ। ती भैरवहरूको अध्ययन गर्दा वाहनका रूपमा सिंह, बँदेल, बेताल, गरुड, घोडा, नाग, वृषलाई लिइएको देखिन्छ। सोही चोकका बिचमा बेताल आसनमाथि भैरवको एउटा महत्त्वपूर्ण प्रस्तर मूर्ति देखिन्छ। उक्त चोकमा मात्र नभएर टुँडालमा समेत भैरवका आकृतिहरू कुँदिएका छन्। यो चोक सम्पदाको संरक्षण र सुरक्षाका दृष्टिकोणले सर्वसाधारणका लागि प्रवेश निषेध भए पनि अनुसन्धानकर्ताहरूको विशेष अनुरोधमा खोल्ने गरिन्छ।


*तस्बिर ३ मितिसहितको भैरवको मूर्ति, भक्तपुर दरबार*

**भक्तपुरका अन्य भैरव मूर्तिहरूः** भक्तपुरको पचपन्न झ्याले दरबारको ठिक सामुन्ने ढुङ्गेधारामा भैरवको एउटा सुन्दर मूर्ति देखिन्छ। पाँच शिर, चौधओटा बाहु र सातओटा नागको फणायुक्त उक्त भैरव मूर्तिको स्थापना राजा भूपतीन्द्र मल्लले गरेका थिए (पौड्याल, २०६० (क), पृ. ७१) । भक्तपुरको पुरानो वसन्तपुर दरबारको ढोकाको दायाँबायाँ प्रस्तर निर्मित उग्रचण्डी र भैरवका मूर्तिहरू स्थापित छन्। ने. सं. ८२१ (वि.सं. १७५७) मा राजा भूपतीन्द्र मल्लद्वारा स्थापित (पौड्याल, २०६० (क), पृ. ७२) उक्त महाभैरवको सजीव मूर्ति प्रस्तरकलाको एक उत्कृष्ट नमुना मानिन्छ। मूर्ति निर्माण गर्ने मूर्तिकारलाई तदुपरान्त फेरि त्यस्ता मूर्ति कहींकतै बनाउन नसकोस् भनी उसका दुवै हातका औँला काट्न लगाएको भन्ने लोककथन पनि छ (जोशी, २०३२, पृ. ६३) । भक्तपुर दरबारको सिंहढोकाको दायाँबायाँ नृसिंहनारायणसहित हनुमन्त भैरवको प्रस्तर मूर्ति छ। हनुमानको मुख भएको उक्त मनुष्याकार भैरवको मूर्ति कलाकारिताको दृष्टिकोणले ज्यादै सुन्दर देखिन्छ (जोशी, २०३२, पृ.६३-६४)। भक्तपुरमा काठबाट बनेका भैरवका मूर्तिहरू भेटिन्छन्। यस्ता भैरवीय काष्ठमूर्तिहरू भैरव मन्दिरहरूबाट फेला परेका छन्। भक्तपुरको प्रसिद्ध न्यातपोल मन्दिर नजिकै सोह्रौं शताब्दीतिर निर्मित भैरवनाथको मन्दिरमा भैरव देवताको मूर्ति प्रतिष्ठित छ (गौतम, २०६१, पृ. ४६४)।


*तस्बिर ४ भैरवको काष्ठ मूर्ति, राष्ट्रिय कला सङ्ग्रहालय, भक्तपुर*

**लेलेको टीकाभैरवः** भैरवको साकार मूर्तिका अतिरिक्त विभिन्न आकृतिमा पूजा गर्ने चलनको साक्ष्य हो, लेलेको टीकाभैरव। नदी तटमा अवस्थित टीकाभैरवको खुला मन्दिरमा कलश र भित्तेचित्रको स्वरूपलाई टीकाभैरव भनी बलिसहित पूजा गर्ने चलन छ। वैदिककालीन रुद्रका रूपमा परिचित शिवको घोर रूप भैरव भएकाले मसानघाट निकट मन्दिर बनाउने मान्यताअनुरूप लेले भैरवको कलशस्वरूप र ठुलो भित्ता ढाक्ने किसिमले चित्र कोरिएको देखिन्छ (पौड्याल, २०६० (क), पृ. ८३)। भैरवका विभिन्न रूपको पूजा गर्ने प्रचलनको पुष्टि उक्त भैरवको कलश र भित्तेचित्रले गर्दछ।

**लुभुको महाभैरव** : लुभुको महालक्ष्मीको प्रसिद्ध मन्दिरमा घाँटीसम्म कुँदिएका धातुका देवदेवीका मूर्तिहरूसँगै महाभैरवको मूर्ति पनि पुज्ने चलन छ। नेपाल उपत्यकाका अधिकांश भैरव मूर्तिहरू छुट्टै मन्दिर बनाई स्थापना गर्ने गरिएकामा लुभुको महालक्ष्मी मन्दिरमा भने अन्य मूर्तिहरूसँग भैरवको मूर्ति स्थापना गरिएको छ। वैशाख महिनाको अक्षय तृतीयादेखि आठ दिनसम्म महालक्ष्मी मन्दिरको जात्रा गर्दा गुठियारहरू आफ्नो सहर छाडी बाहिर नजाने प्रचलन छ।

**वटुकभैरव** : जनश्रुतिअनुसार लगनखेलको अशोक स्तूपको पूर्वतर्फ वटुकभैरवको इलाकामा भैरवले बिरालोको रूप लिई जनतालाई अति आतङ्कित तुल्याएको हुँदा तिनीहरू सो इलाका त्यागी हालको ललितपुर नगरतिर बसाइँ सरेका र पछि मानिसहरूले ती भैरवलाई पूजा गरी सन्तुष्ट तुल्याएको हुँदा ती भैरव ललितपुर नगरका संरक्षक भए। बिरालोका कारण मानिसले सो क्षेत्र त्यागेको हुनाले सो इलाकालाई भतीं यों दे (बिरालोले उजाडेको देश) को संज्ञा दिइएको छ। उक्त भैरव मन्दिरभित्र बिरालोको आकृतियुक्त शिलाको मूर्ति देखिन्छ।

**ह्यग्रीव भैरव** : ललितपुरको बुङमतीको प्रसिद्ध रातो मत्स्येन्द्रनाथको मन्दिरदेखि उत्तरतर्फ ह्यग्रीव भैरवको मन्दिर छ। पाटनका राजा श्रीनिवास मल्लको त्यहींको एक स्वर्णलेखमा लोन्डेकुन्डे (ह्यग्रीव) भैरवको उल्लेख पाइन्छ (पौड्याल, २०६० (क), पृ. ७५)। प्रस्तरका दुई बाहु र शिर मात्र बनाइएको उक्त भैरवको मुखाकृतिलाई पित्तलको पाताले छोपिएको देखिन्छ।

**बाघभैरव मन्दिर** : कीर्तिपुरको बाघभैरव मन्दिर त्यस क्षेत्रकै सबैभन्दा ठुलो र महत्त्वपूर्ण भैरवको मन्दिर हो। उक्त मन्दिरभित्र बाघको आकृतिमा मृण्मय मूर्ति बनाई राखिएको छ। स्थानीयहरू ती भैरवलाई आजुद्यः (बाजेसमानका देवता) भन्छन्। एघारौँ/बाह्रौँ शताब्दीमा राजा शिवदेव तृतीयका पालामा स्थापित बाघभैरवलाई अजाजु, जिजु बाजे भनी सम्बोधन गरिन्छ। अभिलेखहरूमा बाघभैरवका व्याघ्रभैरव, व्याघ्रेश्वर भट्टारक, भीमसेन भट्टारकजस्ता विभिन्न अवतारहरूको उल्लेख पाइन्छ (श्रेष्ठ, २०५७, पृ.३८)। बाघभैरव उत्पत्तिको एउटा रोचक कथा पाइन्छ, जसअनुसार बाघभैरवको मूर्ति जङ्गलमा भेडा चराउने कीर्तिपुरका केही केटीहरूले गरेका थिए (श्रेष्ठ, २०५७, पृ. ३६-४१)। हिन्दु देवता भए तापनि यसको नित्य एवं नैमित्तिक पूजा वज्राचार्य पुरोहितबाट हुँदै आएको छ। उक्त मन्दिरको गर्भगृहमा बाघरूपी ईश्वरको मृण्मय प्रतिमा (चाँदीको मुख) स्थापना गरिएको ने.सं. ६३५ (वि.सं. १५७२) को अभिलेखमा वर्णित छ (पौड्याल, २०६० (क), पृ. ७३)।

## सङ्ग्रहालयमा प्रदर्शित भैरव मूर्तिहरू

राष्ट्रिय सङ्ग्रहालय छाउनीमा प्रस्तर, धातु र काठबाट बनेका विभिन्न भैरवका मूर्तिहरू सङ्गृहीत एवं प्रदर्शित छन्। यहाँ दसौँ शताब्दीको प्रस्तरको पञ्चमुखी भैरव र महाकालका प्रस्तरका भैरव मूर्तिहरू सङ्गृहीत छन् भने चौधौँ शताब्दीको धातु निर्मित सिंहमुख कामभैरव, सत्रौँ शताब्दीको धातुको भैरव मूर्ति तथा उन्नाइसौँ शताब्दीका विघ्नान्तक भैरव

मूर्ति प्रदर्शित छन् (पौड्याल, २०६० (क), पृ.८४-८८)। यहाँ सबैभन्दा धेरै काठबाट बनेका भैरवका मूर्तिहरू प्रदर्शित छन्। चामुण्डासहितको भैरव, अठारौँ शताब्दीको शक्तियुक्त चण्डभैरव, वि.सं. १७७७ को मितिसहितको भैरव, अठारौँ शताब्दीको भैरव, भित्तामा झुन्ड्याइएको अठारौँ शताब्दीको मुखुन्डोरूपी काष्ठभैरव राष्ट्रिय सङ्ग्रहालयमा प्रदर्शित महत्त्वपूर्ण भैरव मूर्तिहरू हुन् (पौड्याल, २०६० (क), पृ.८८-९१)। त्यस्तै यस सङ्ग्रहालयमा उन्नाइसौँ शताब्दीको इन्द्रजात्रालाई स्मरण गराउने वमनभैरवको मृत्तिका मूर्तिसमेत छ।

पाटन सङ्ग्रहालयका महत्त्वपूर्ण भैरवका मूर्तिहरूमा सत्रौँ शताब्दीको प्रस्तरको तोरणसहितको भैरव र सत्रौँ/अठारौँ शताब्दीको शिलाको भैरव शिर मुख्य छन्। त्यस्तै राष्ट्रिय चित्रकला सङ्ग्रहालय, भक्तपुरमा रहेको प्रस्तरको शक्तिसहितको भैरव मूर्ति, अठारौँ शताब्दीको विदेशको अज्ञात व्यक्तिको सङ्ग्रहमा रहेको धातुको भैरव मूर्ति र लस एन्जल्स काउन्टी म्युजियममा रहेको वि.सं. १८४१ को धातु निर्मित शक्तिसहितको भैरवलाई महत्त्वपूर्ण भैरव मूर्तिहरू मानिन्छन्।



*तस्बिर ५ वमन भैरवको मूर्ति, राष्ट्रिय सङ्ग्रहालय, छाउनी*

**सुन्दरी/मोहनचोकका भैरवहरू** : पाटन दरबारको सुन्दरीचोकमा शैवधर्मसँग सम्बन्धित अनेकौँ ससाना शिला मूर्तिहरूमध्ये भैरवका पनि अत्यन्त सुन्दर र मनमोहक लालित्यले भरिपूर्ण मूर्ति प्राप्त छन् (वज्राचार्य, २०२७, पृ. १७३)। हनुमान्ढोकाको मोहनचोकको धाराको वरिपरि पनि सजाएर राखिएका अति कलापूर्ण र उत्कृष्ट मूर्तिहरूमा अनेकौँ भैरवीय तन्त्रमन्त्रको विकराल स्थितिमा अद्भुत र अनेक भावका बहुशिर र बाहुबाहुयुक्त भैरवलगायत प्रसिद्ध देवदेवीका मूर्तिहरू रहेका छन् (वज्राचार्य, २०२७, पृ. १९३)

## उपत्यका बाहिरका भैरव मूर्तिहरू

**चण्डेश्वरी भैरव** : काभ्रेपलाञ्चोक जिल्लाको बनेपामा चण्डेश्वरीको प्रसिद्ध मन्दिर छ। यो मन्दिरको पश्चिमतर्फका भित्तामा विभिन्न किसिमका रङहरू प्रयोग गरी भैरवको सुन्दर भित्तेचित्र उत्कीर्ण गरेको देख्न सकिन्छ। चण्डेश्वरी मन्दिरको भैरवको चित्र शाहकालीन भए पनि त्यो लिच्छवि र मल्लकालीन परम्पराको देन हो (पौड्याल, २०५७, पृ. २७३)। यो मन्दिरका टुँडाल र तोरणहरूमा अष्टमातृका एवम् अष्टभैरवका सुन्दर मूर्तिहरू कुँदिएका छन् (गौतम, २०६१, पृ. ४६५)।

**नुवाकोटको भैरवी** : नुवाकोट सातताले दरबार क्षेत्रमा भैरवी मन्दिर अवस्थित छ। यस स्थानमा भैरवीको जात्राको आफ्नै महत्त्व छ। मल्लकालदेखि चैत्र शुक्लअष्टमीका दिन सुरु हुने उक्त जात्रालाई देवी जात्रा पनि भन्छन् (अमात्य, २०६८, पृ. २११)। उक्त जात्रा जिल्लाकै प्रमुख जात्रा मात्र नभएर नेपालकै एक प्रसिद्ध जात्रा मानिन्छ। यी भैरवीको विस्तृत चर्चा माथि नै परेको छ।



*तस्बिर ७ भैरव मन्दिर, नुवाकोट*

**पाल्पाको भैरव** : पश्चिम नेपालको पाल्पामा कालभैरवको एउटा प्रसिद्ध मन्दिर छ। वंशावलीअनुसार पाल्पाका तत्कालीन राजा मणिमुकुन्द सेनले काठमाडौँ उपत्यकामा आक्रमण गरी पाटन बुङमतीस्थित रातो मत्स्येन्द्रनाथको मन्दिरको सामुन्नेको भैरवको मूर्ति लुटेर पाल्पा लगी स्थापना गराएका थिए (खनाल, २०५५, पृ.९२)। सेन राजाहरूले भैरवलाई आफ्ना इष्टदेवता मानेका थिए (अमात्य, २०६८,पृ. २११)। सेनले मन्दिर बनाई काशीबाट भैरवको मूर्ति ल्याई स्थापना गरेको पाइन्छ (गौतम, २०६१, पृ. ३२४)। यो मन्दिरको बनोट र शैली हेर्दा राणाकालमा बनेको देखिन्छ। ।



*तस्बिर ६ भैरव मूर्ति, पाल्पा*

**सुर्खेतका भैरव मूर्तिहरू :** सुर्खेत बजारको उत्तरतर्फ अवस्थित भैरव मन्दिरमा चार बाहुयुक्त ३६ सेन्टिमिटर अग्लो एउटा प्रस्तर निर्मित भैरवको मूर्ति प्राप्त छ। शैलीका हिसाबले उक्त मूर्ति चौधौँ शताब्दीको मान्न सकिन्छ (शर्मा, सन् २०१२, पृ. १६८-१६९)। त्यस्तै भैरवको अठारौँ शताब्दीतिरको अर्को काष्ठमूर्ति सुर्खेतकै शिवमन्दिर सामुन्नेमा पाइएको छ (शर्मा, २०५८, पृ.४०-४१)।

**डोटी र अछामका भैरव मूर्तिहरू :** सुदूरपश्चिमको डोटी जिल्लाको दिपायल बजारबाट उत्तरतर्फका डाँडामा दिपायलकोट अवस्थित छ, जुन कोटमा भैरवको एउटा पुरानो मूर्ति छ। चारओटा बाहुयुक्त उक्त मूर्ति बनावटका आधारमा सोह्रौँ शताब्दीतिरको हुन सक्छ (शर्मा, २०५८, पृ.४०)। प्राचीन कोट र दरबारको भग्नावशेषमा भैरवको मन्दिर रहेको हुनाले सो मन्दिरलाई कोटभैरव भनिएको हो। कोटभैरव मन्दिरभित्रको भैरवको मूर्ति प्राचीनकालमै निर्माण भएको हो। कुकुर वाहनमाथि रहेको सो मूर्ति वटुक भैरवको हो। डोटीको प्रसिद्ध शैलेश्वरी (शिवादेवी) मन्दिरसँगैको चण्डेश्वर भैरवलाई शैलेश्वरीको अङ्ग नै मानिन्छ। शैलेश्वरी मन्दिरमा चण्डेश्वर भैरवको चाँदीको मूर्ति सुरक्षित छ। पश्चिम नेपालको अछाम बैजनाथबाट गणेशसहितको भैरवको प्रस्तर निर्मित मूर्ति प्राप्त छ। शैलीगत हिसाबले उक्त मूर्ति चौधौँ शताब्दीको हुन सम्भव छ (शर्मा, सन् २०१२, पृ. २१५-२१६)।

## भैरवका मूर्तिहरूको धार्मिक एवं सांस्कृतिक पक्ष

भारतमा भैरव पूजा मूलतः कुमाउँ, गढवाल, वाराणसी, मुम्बई, उत्तर एवं मध्य भारतका किसान समुदायमा ज्यादा प्रचलित छ। मध्य भारतमा भने कम्मरमा सर्प बेरेको मृदङ्ग वाद्यवादकका रूपमा वा रक्त शिलामा दुध अर्पेर भैरवको पूजा गर्ने चलन छ (श्रेष्ठ र महर्जन, २०७४,पृ. ५३)। सहरी क्षेत्रमा चाहिँ रक्सी चढाई भैरवप्रति विशेष श्रद्धा भक्ति अर्पण गर्ने गरिन्छ। नेपालमा देवीदेवता मात्र नभई नन्दी, हात्ती, सिंह, कुकुर, मुसा, मकरजस्ता अनेकौँ जीवजन्तुहरूलाई क्रमशः शिव, इन्द्र, देवी, भैरव, गणपति, गङ्गा आदि देवीदेवताको प्रतीक स्वरूप पूजा गर्ने चलन छ।

शिवका अवताररूपी भैरव नेपालमा प्रायः सबै जातिद्वारा प्राचीनकालदेखि नै अत्यधिक मात्रामा पुजिने देवता हुन्। प्राचीनकालदेखि नै काठमाडौँ उपत्यकाभित्र सबैभन्दा धेरै भैरव र गणेशलाई पुज्ने गरेको पाइन्छ। शिवका पञ्चमुखमध्ये दक्षिणको अघोर मूर्तिलाई भैरवको रूप मानी बलि चढाउने पुरानो परम्परा अद्यापि कायमै छ। पशुपतिनाथ र मत्स्येन्द्रनाथ भिन्न देवता नभई एउटै देवता भएको कुरा महाशिवरात्रिका दिन मत्स्येन्द्रनाथले पशुपतिनाथ र पशुपतिनाथले मत्स्येन्द्रनाथको रूप लिने प्रचलित परम्पराले पुष्टि गर्दछ (जोशी, २०७०, पृ. ६७९)।

काठमाडौँ उपत्यकाका अधिकांश गाउँ, बस्ती र टोलहरूमा भैरव र गणेशका मन्दिरहरू देखिन्छन्। ऐतिहासिक कालदेखि नै काठमाडौँ उपत्यकामा भैरवलाई मान्ने परम्परा रहेको कुरा पचली भैरव, कीर्तिमुख भैरव, वटुक भैरव, टीकाभैरव, उन्मत्त भैरव, बाघभैरव आदि भैरवहरूको परम्पराले पुष्टि गर्दछ (अमात्य, २०५८, पृ. २५)। रातो मत्स्येन्द्रनाथको रथयात्रामा भैरवको उपस्थिति अनिवार्य मानिन्छ। रथका पाङ्ग्राहरूमा भैरव रहन्छन्। भैरवलाई पशुबलि नचढाएसम्म रथको पाङ्ग्रा नगुड्ने कुरा मननीय छ। पाङ्ग्रामा चित्रित तीनओटा अद्‌भुत देखिने नयनलाई भैरव मानी पुज्ने चलन छ (दीप, २०५२, पृ.२५-२६)। कुमारी, गणेश, भैरव र सेतो मत्स्येन्द्रनाथको रथका पाङ्ग्राहरूमा पनि भैरवविना काम नचल्ने विश्वास छ। अतः हनुमान्ढोकाको हाथुद्योलाई प्रत्येक वर्ष इन्द्रजात्राको बेला अधिक मात्रामा जाँड चढाउने चलन छ।

भैरव भगवान् शिवको रौद्र रूप हो। यिनका अनेक स्वरूप छन्। शैव तान्त्रिक मतमा भैरवको महत्त्वपूर्ण स्थान छ। तान्त्रिक परम्परामा पूजित भैरव जादुटुना विषयक देवता मानिन्छन्। धर्मात्मा र असलका लागि वरदान दिने र रक्षा गर्ने देवता भैरव हुन् भने दुष्ट पापीको नाश गर्ने संहारकर्ता पनि हुन्। नेपालमा भैरवलाई दिक्पाल, क्षेत्रपाल, रक्षक एवम् उन्नतिका देवताका रूपमा मानिन्छ। राजा गुणकामदेवले काठमाडौँ सहरलाई भैरवको खड्गको आकार दिई बसाएका थिए (अमात्य, २०५८, पृ. २५/अमात्य, २०६८, पृ.२१२)। विरूपाक्ष एकादश रुद्रमध्ये एक थिए। भैरुसमेत भनिने भैरव विनायक कालीजस्तै कष्टदायी मानिन्छन्। भैरव महाकाल हुन् भने उनको शक्ति काली हुन्। भैरव यस्ता देवता हुन्, जसलाई हिन्दुहरूले मात्र नपुजेर बौद्धमार्गीहरूले समेत अक्षोभ्य बुद्धका सन्तानका रूपमा मान्दछन् (अमात्य, २०५८, पृ. १९)। यी भैरवलाई बौद्धमार्गीहरू पञ्चध्यानी बुद्धमध्येका एक मान्छन्। नेपालमा भैरवका आठ र चौसठ्ठी भेदहरू पाइन्छन्। महाविद्याका साथमा पनि भैरवको उल्लेख पाइन्छ। भैरवलाई ग्राम, नगर, गढ एवं राष्ट्र विशेषका संरक्षक देवताका रूपमा लिइन्छ (जोशी, २०७०, पृ. ६७९ र ६८१)। नेपालमा भैरवलाई वाणिज्यका देवताका रूपमा पनि पुजिने परम्परा छ। भगवान् शिवले भैरवको रूप धारण गरी ताण्डव नृत्य गरेको हुनाले यिनलाई नृत्यनाथ पनि भन्छन्। नेवार समुदायका मानिसहरू भीमसेनलाई भीम भैरव भन्दछन्।

ब्रह्माण्डपुराणअनुसार भैरव हातमा लट्ठी र पासमा कुकुर हुने काशीका कोटपाल मानिन्छन्। काशीका पापिष्ट व्यक्तिहरूलाई यिनले नै उचित दण्ड दिन्छन् (जोशी, २०७०, पृ. ६८०)। यस्तै परम्परा नेपालमा पनि देखिन्छ। हनुमान्ढोकाको कालभैरवस्थानमा मध्यकाल र आधुनिक कालको आरम्भतिर पनि अपराधी पापिष्टहरूलाई सत्य वाचा गर्न लगाइन्थ्यो। यदि कुनै अपराधकर्मीले असत्य कुरा बकेमा तिनीहरूले रगत छादेर मर्दछन् भन्ने जनविश्वास थियो। यिनी स्थान विशेषका संरक्षक देवता मानिन्छन्।

नेपालमा पनि भैरवलाई उनका उपासकहरूले रक्सीलगायत रगतको बलि चढाउने गर्दछन्। नेपालमण्डलभित्र रहेका भैरव मूर्तिको पृष्ठमा घ्याम्पोमा जाँड र रक्सी भरेर चाडपर्व, जात्रा, उत्सव आदिमा नलीबाट सर्वसाधारणलाई प्रसादका रूपमा वितरण गर्ने चलन छ। हनुमान्ढोकामा इन्द्रजात्राका अवसरमा रक्सीलाई प्रसादका रूपमा बडो धुमधाम र हर्षोल्लासका साथ वितरण गर्ने परम्परा लोकप्रिय र पुरानो हो। पशुपति मन्दिर प्राङ्गणको कीर्तिमुख भैरवलाई हरेक महिनाको पूर्णिमामा बलि चढाई पुज्ने परम्परा छ। त्यस्तै टेकु पचलीभैरवको बाह्र बर्से जात्राको पनि विशेष महत्त्व छ। राजासँग खड्ग साट्ने प्रचलन भएकाले यसको विशेष महत्त्व देखिन्छ। नेपालमण्डलबाहिर सुदूरपश्चिमको डोटीको शैलेश्वरी मन्दिरसँगैको चण्डेश्वर भैरवलाई त शैलेश्वरीको अङ्ग नै मानिन्छ।

वास्तवमा नेपालमा भैरव एउटा यस्ता तान्त्रिक देवता हुन्, जसले धार्मिक सहिष्णुता र मेलपिलापको भावनालाई बचाउ गर्दै समाजमा शान्ति, सुव्यवस्था कायम गर्नमा अत्यन्त महत्त्वपूर्ण भूमिका खेल्दै आएको पाइन्छ। काठमाडौँ उपत्यकाभित्र क्षेत्रपालका रूपमा भैरवले हरेक घर, आँगन, टोल, बस्ती, गाउँ, सहर र देशलाई नै सुरक्षा गरिरहेका छन्। कान्तिपुर र ललितपुर सहरको भित्री र बाहिरी दुवै भागलाई अष्टभैरवहरूले रक्षा गरेका छन् भने भक्तपुर सहर त अझ भैरवको नै नगर मानिन्छ (अमात्य, २०५८, पृ. १८)। यस सन्दर्भमा भक्तपुरको सबैभन्दा ठुलो जात्रा भैरवको रथयात्रा पनि स्मरणीय छ। नेपालमा भैरवलाई राज्यशक्तिको मूल स्रोतका रूपमा समेत लिइन्छ।

## निष्कर्ष

हिन्दुहरू भैरवलाई शिवको रौद्र रूप मान्छन् । भैरवको उत्पत्ति शक्ति पीठहरूको उत्पत्तिसँगसँगै भएको मानिन्छ । नेपालमा भैरवलाई शिलाका रूपमा पुज्ने चलन इसापूर्वदेखि नै चलिआएको हुनाले भैरव पूजाको परम्परा प्राचीनकालदेखि नै हुँदै आएको मानिन्छ । प्रामाणिक स्रोतहरूका आधारमा भैरव मूर्तिको निर्माण गर्ने कार्य लिच्छविकालदेखि हुँदै आएको पाइन्छ । वज्रभैरवको सर्वप्रथम उल्लेख गोरखा गोरखनाथ गुफामा रहेको राजा शिवदेव द्वितीयको अभिलेखमा पाइन्छ । यो अभिलेखबाट नेपालको पहाडी भेगमा समेत वज्रयान लोकप्रिय बनेको सङ्केत  मिल्छ । हाँडीगाउँ सत्यनारायण मन्दिर आसपासको पुरातात्त्विक उत्खननबाट नवौँ/दसौँ शताब्दीतिरको भैरवको मूर्तिको एउटा शिर फेला परेको छ । यसबाट नेपालमा लिच्छविकालदेखि नै भैरवको पूजा गर्ने परम्परा रहेको पुष्टि हुन्छ ।

मल्लकालमा काठमाडौँ उपत्यकामा भैरवका अत्यन्त धेरै मूर्तिहरू स्थापना हुन पुगे । काठमाडौँ उपत्यकामा भैरवको सबैभन्दा पुरानो मूर्ति दसौँ शताब्दीको नृत्यभैरवको मूर्ति हो, जुन हाल राष्ट्रिय सङ्ग्रहालयमा सङ्गृहीत छ । अमेरिकाको न्युयोर्कस्थित डोरिस वेनर ग्यालरीमा पनि दसौँ शताब्दीको ढलोटको एउटा प्राचीन र अनौठो भैरव मूर्ति सङ्गृहीत छ । यसबाट नेपालमण्डलभित्र भैरवको मूर्ति पूजा गर्ने चलन इसाको नवौँ/दसौँ शताब्दीअगाडिदेखि नै रहेको प्रस्ट हुन्छ । नेपालमण्डलमा मल्लकालमा बनेका प्रसिद्ध भैरवका मूर्तिहरूमा हनुमान्ढोकाको कालभैरव, इन्द्रचोकको आकाशभैरव, सदाशिवचोकको भैरव, पशुपति र कुम्भेश्वरका उन्मत्तभैरव, काठमाडौँको पचलीभैरव, लेलेको टीकाभैरव, बुङमतीको ह्यग्रीव भैरव, पाटन सुन्दरीचोक र हनुमान्ढोकास्थित मोहनचोकका भैरव, भक्तपुर दरबारका भैरव, राष्ट्रिय सङ्ग्रहालय छाउनीका भैरव मूर्तिहरू प्रमुख छन् । मल्लकालमा काठमाडौँ उपत्यकाबाहिर पनि भैरवका मूर्तिहरू स्थापना भएको पाइन्छ । वंशावलीअनुसार पाल्पाका राजा मणिमुकुन्द सेनले काठमाडौँ उपत्यकामा आक्रमण गरी रातो मत्स्येन्द्रनाथको मन्दिरको सामुन्नेको भैरवको मूर्ति लुटेर पाल्पा लगी स्थापना गराएका थिए । काठमाडौँ उपत्यकाबाहिर काभ्रेपलाञ्चोक, पाल्पा, सुर्खेत, डोटी, अछामलगायतका जिल्लाहरूमा मध्यकालीन भैरवका मूर्तिहरू पाइन्छन् । नेपालमा भैरवका मूर्ति बनाउने परम्पराले शाहकालसम्म पनि निरन्तरता पाएको देखिन्छ ।

एकादश रुद्रमध्ये एक मानिने जादुटुना विषयक भैरव देवताको शिवसँग सम्बन्ध छ । नेपालमा भैरवका आठ र चौसट्ठी भेदहरू पाइन्छन् । महाविद्याका साथमा पनि भैरवको उल्लेख पाइन्छ । भैरवलाई ग्राम, नगर, गढ एवं राष्ट्र विशेषका संरक्षक देवताका रूपमा लिइन्छ । यिनलाई वाणिज्यका देवताका रूपमा पनि पुजिने परम्परा नौलो होइन । भैरव धर्मात्मा र असलका लागि वरदान दिने र रक्षा गर्ने देवता हुन् भने दुष्ट पापीको नाश गर्ने संहारकर्ता पनि हुन् । नेपालमा भैरवलाई दिक्पाल, क्षेत्रपाल, रक्षक एवम् उन्नतिका देवताका रूपमा मान्ने गरिन्छ । काठमाडौँ उपत्यकाका अधिकांश गाउँ, बस्ती र टोलहरूमा भैरव मन्दिरहरू देखिन्छन् । नेपालमा भैरवका प्रतिमाहरू पुराण र तन्त्रका आधारमा निर्माण भएको पाइन्छ । ऐतिहासिक कालदेखि नै नेपालमा भैरवलाई मान्ने परम्परा रहेको कुरा विभिन्न कालखण्डमा निर्मित यहाँ अस्तित्वमा रहेका भैरवहरूको परम्पराले पुष्टि गर्दछ । नेपालमा धार्मिक सहिष्णुतालाई जीवन्त तुल्याउने एवं सदा प्रेरित गरिरहने देवताहरूमध्येका एक मुख्य देवता भैरव हुन् ।

## प्रयोग गरिएका सामग्रीहरू


अमात्य, साफल्य (२०३६). *नेपालमा पुरातत्त्व.* साझा प्रकाशन।

अमात्य, साफल्य (२०५८). *श्री आकाश भैरवनाथ.* श्री आकाश भैरवनाथ मन्दिर जीर्णोद्धार समिति।

अमात्य, साफल्य (२०६८). *पुरातत्त्व, इतिहास र संस्कृति.* भृकुटी एकेडेमिक पब्लिकेसन्स

श्रेष्ठ, शुक्रसागर (२०५७). *कीर्तिपुरको सांस्कृतिक र पुरातात्विक इतिहास.* नेपाल र एसियाली अनुसन्धान केन्द्र।

श्रेष्ठ, जयराम र महर्जन, यमुना (सम्पा.) (२०७४). *राष्ट्रिय सङ्ग्रहालयको कला सम्पदा.* भाग १, राष्ट्रिय सङ्ग्रहालय।

खनाल, मोहनप्रसाद (२०५५). *पश्चिम नेपालका मूर्ति र स्थापत्य. नेपाल र एसियाली* अनुसन्धान केन्द्र।

गौतम, युवराज शर्मा (२०६१). *तीर्थ-पर्यटन. लुम्बिनी* ट्रेडिङ एन्ड प्रिन्टिङ हाउस प्रा.लि.।

घिमिरे, विष्णुप्रसाद (२०४५). *पाल्पा राज्यको इतिहास भाग १.* श्रीमती पद्मा घिमिरे।

जोशी, सत्यमोहन (२०३२). *नेपाली मूर्तिकलाको विकासक्रम.* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

जोशी, हरिराम (२०७०). *प्रदीपः संस्कृति विश्वकोष.* वर्कर्स पब्लिकेसन्स्।

ढुङ्गेल, रमेश (सम्पा.) (२०८०). *चैनपुरको ऐतिहासिक स्वस्थानी.* स्वस्थानी प्रकाशन समूह।

दीप, ध्रुवकृष्ण (२०५२). *हाम्रो संस्कृति हाम्रो ढुकुटी.* साझा प्रकाशन।

पराजुली, सन्ध्या खनाल (२०७५). *प्रतिमा लक्षण.* रत्न पुस्तक भण्डार।

पौड्याल, वीणा (२०५७). *नेपाली मूर्तिकला र चित्रकला.* नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग।

पौड्याल, वीणा (२०६०क). *काठमाडौँ उपत्यकाका प्रमुख उमामहेश्वर र भैरव मूर्तिहरू.* साझा प्रकाशन।

पौड्याल, वीणा (२०६०ख). *सर्वेश्वर महादेव.* डा. ठाकुरनाथ पन्त स्मृति गुठी।

बाँस्कोटा, भीष्म (२०६३). *गोकर्णेश्वर महादेव मन्दिर र आसपासका सांस्कृतिक सम्पदाहरूको अध्ययन.* अप्रकाशित शोधपत्र, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग।

भट्टराई, गोविन्दप्रसाद (२०४१). *मूर्तिकला.* इल्या भट्टराई।

*लुम्बिनी अञ्चलका वर्गीकृत सांस्कृतिक सम्पदाहरूको विवरण* (२०६९). पुरातत्त्व विभाग।

वज्राचार्य, गौतमवज्र (२०३३). *हनुमानढोका राजदरबार.* नेपाल र एसियाली अध्ययन संस्थान।

वज्राचार्य, धनवज्र र श्रेष्ठ, टेकबहादुर (२०३२). *नुवाकोटको ऐतिहासिक रूपरेखा.* नेपाल र एसियाली अध्ययन संस्थान।

वज्राचार्य, धनवज्र (२०५३). *लिच्छविकालका अभिलेख.* द्वितीय संस्करण, नेपाल र एसियाली अनुसन्धान केन्द्र।

वज्राचार्य, मनवज्र (२०२७). *नेपालको मध्यकालीन कला.* सूचना तथा प्रचार मन्त्रालय, सूचना विभाग।

शर्मा, डिल्लीराज (२०५८). *पश्चिम नेपालको मूर्ति तथा वास्तुकला.* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

शर्मा, डिल्लीराज (सन् २०१२). *हेरिटेज अफ वेस्टर्न नेपालः आर्ट एन्ड आर्किटेक्चर.* सेन्टर फर नेपाल एन्ड एसियन स्टडिज।

शाक्य, जे. भी. (सन् २०००).*सर्ट डिस्क्रिप्सन अफ गर्डस्, गडेसेस एन्ड रिचुअल अब्जेट्स अफ बुद्धिज्म एन्ड हिन्दुज्म इन नेपाल. हेन्डिक्राफ्ट एसोसियसन* अफ नेपाल।

*सेती अञ्चलका वर्गीकृत सांस्कृतिक सम्पदाहरूको विवरण* (२०६६). पुरातत्त्व विभाग।